परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक २२ २०८० पुस २९ गते आईतवार Sunday 14, JAN 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## जाडो मौसमको लोकप्रिय खाजा भक्का

**पदमकुमार सरदार**

विराटनगर । जाडो मौसममा विहान-बेलुकीको खाजाको रुपमा गाउँदेखि शहरसम्म भक्का लोकप्रिय बन्दै गईरहको छ ।

तराई मधेशमा चिसो-चिसो जाडो मौसममा विहान-बेलुकी हरेक चौक चौराहमा भक्काको व्यपारले एतिबेला राम्रो बजार लिएको छ । विराटनगरको मुख्य बजारदेखि आसपासका चोकहरुमा भक्का बेच्ने ठाउँमा भक्का खानेहरुको प्रत्येक दिन जमघट हुनेगरेको छ ।



बिहान-बेलुकीको चिसो मौसममा तातो तातो भाक्कालाई नास्ताको रुपमा खानेहरु लाइनमा बसेर भक्काको पखाईमा रहेको देखिन्छ । चामलको पिठोबाट बनाइने भक्कालाई सुपाच्य भोजनको रुपमा लिइन्छ । माटो वा अरु कुनै भाँडोमा पानी राखी त्यसमा स-सानो प्वाल भएको ढक्नी राखी पानीलाई तताएपछि निष्केको वाफमाथि सानो बटुकोमा चामलको पिठो राखी त्यसलाई ढक्नीको प्वालमाथि राखिन्छ र कपडाले एक छिन छोपेर राखेपछि भक्का तयार हुन्छ । भक्कालाई चिया, धनियाँ, गोलभेडाको अचार (चटनी), आलुचप, नुन-खोर्सानी आदिसँग खाने चलन छ । सानो लगानीको भक्का व्यवसाय गरेर दैनिक एक हजार भन्दा बढी आम्दानी हुनेगरेको कटहरी-३ की रेखादेवी मण्डलले वताईन । जाडो मौसमा भक्काको व्यवसाय गरेरै दैनिक घर संचाल भईरहेको वहाँको भनाई छ ।

भक्का राजवंशी, थारु, बाँतर लागयत तराई मधेशमा बसोवास गर्ने सम्पूर्ण जातजातीहरुको सांस्कृतिक भक्का चल्दै आएको छ । भक्का चाडो मौसममा घरमा बनाएर खने चलन भएता पनि अहिले भक्का व्यवसायीक रुममा फष्टाउँदै गई रहको छ । भक्का व्यवसायी अहिले राजवंशी, थारुमात्र नभएर अन्य जातजातिका महिलाहरुले व्यवसायी रुपमा भक्काको व्यवसाय गर्न थालेका छन् । भक्का बिक्रि गरेर अर्की भक्का व्यवसायी जैनव खातुन पनि दैनिक ८ सय देखि हजार रुपैयाँ आम्दानी हुने गरेको वताउँछिन ।

भक्का राजवंशी थारु, बाँत समुदायको पहिचान झल्काउने खाना मात्र नभएर धेरैका लागि आम्दानीको स्रोत पनि बनेको छ । भक्का बेचेर हुने आम्दानीले दर्जनौले आफ्नो घरखर्च लगायत छोराछोरीको पढाई लेखाई खर्च जुटाउने गरेका छन् । हिउँद महिनाभर चौक चौराहमा भक्का बेचेर घरको गर्जो टार्ने जाडो मौसमले खुशी भएका छन् । भक्का व्यवसायी विराटनगर-४ की गंगा पोखरेलले भक्का वेचेर

वांकी अन्तिम पेजमा...

## फरार प्रतिवादी पक्राउ

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समुह रिटबाट खटिएको प्रहरी टोलीले दुई जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

फरार प्रतिवादी पक्राउ अभियान अन्तरगत खटिएको प्रहरी टोलीले चोरी मुद्दामा सम्मानित मोरङ जिल्ला अदालतको मिति २०८० अषाढ ७ गतेको फैसला आदेशले ३ दिन कैद र नगद ५ हजार जरिवाना तोकिएका बिराटनगर-५ का २५ बर्षीय प्रदिप कुमार राय र सोही मुद्दामा ७ दिन कैद तथा नगद ५ हजार जरिवाना तोकिएका २१ बर्षीय दिपेश शर्मालाई खोजतलास गर्ने क्रममा गाउँघरमा नै लुकिछीपी बसेको अवस्थामा पक्राउ गरेको हो ।

पक्राउ परेका दुबै जनालाई सम्मानित जिल्ला अदालतमा उपस्थित गराईएकोमा तोकिएको कैद भुक्तानको लागी मोरङ जिल्ला कारागार पठाएको छ ।

## संघिय सरकारले माघ १५ मा प्रदेशलाई प्रहरी हस्तान्तरण

विराटनगर । संघीय सरकारले प्रहरी समायोजन गरेर प्रदेश सरकारलाई माघ १५ गते भित्र हस्तान्तरण गर्न लागेको दावी गर्दै त्यसको पूर्व तयारीमा जुट्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयका कर्मचारीहरुलाई कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले निर्देशन दिएका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयको अनुगमनका क्रममा मुख्यमन्त्री कार्कीले प्रहरी समायोजन गर्ने प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिबद्धता जनाएकाले त्यसको तयारीमा जुट्न निर्देशन दिएका हुन् ।

'प्रहरी प्रदेशमा आएपछि त्यसको सञ्चालन, सरूवा, बढुवाको विधि निर्माण गरेर पूर्व तायरीमा लाग्नुको विकल्प छैन ।' उनले भने, 'जनताको दैनिकीका साथै शान्ति सुरक्षामा प्रत्यक्ष रुपमा जोडिएको मन्त्रालय भएकाले जनतामा महशुस हुने गरी काम गर्न भन्दै बजेट कार्यान्वयनको लागि द्रुत गतीमा मन्त्रालयको कामकाज अगाडि बढाउन समेत निर्देशन दिएका थिए ।

## सामुदायिक विद्यालयमा योग अभ्यास शुरु

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ८ मा रहेको सामुदायिक विद्यालयहरुमा योग अभ्यास कार्यक्रम बुधवार देखि शुरु गरिएको छ ।

योग अध्यास कार्यक्रम अन्तर्गत पहिलो चरणमा ज्ञान निकुञ्ज आधारभुत विद्यालयमा ५ दिने योग शिविर सम्पन्न भएको छ ।

सामुदायिक विद्यालयहरुलाई लक्षित गरि विद्यालयमा योग कार्यक्रम शुरु गरिएको वडाध्यक्ष राम पोखरेलले जानकारी दिदै योगका माध्यमबाट विद्यार्थीमा बौद्धिक क्षमता अभिबृद्धि गर्ने र शारिरीक रुपमा स्वस्थ राख्ने उद्देश्य सहित वडाले विद्यार्थी लक्षित कार्यक्रम शुरु गरेको उहाँको भनाई छ ।

ज्ञान निकुञ्ज आधारभुत विद्यालयको समापन कार्यक्रम मा वडाध्यक्ष पोखरेलले विद्यालय तथा समुदायमा योग विषयलाई अघि बढाउन आफु प्रयत्नशिल रहने वताए । विद्यालयमा योग शिक्षाको नयाँ अवधारणाको परिकल्पना आफ्नो वडाबाट शुरु गरिएको र सो कार्यमा पतञ्जली योग समितिले सहकार्य गरेकोमा धन्यवाद दिनु भएको थियो ।

सो कार्यक्रममा वडा नं. ८ का सदस्यहरु ताराकुमारी राय, भुवन राजवंशी, पवित्रा विश्वकर्मा, मो.अब्बास, वडा कार्यालय सचिव मनोज मल्लिक, विद्यालयका शिक्षक शिक्षिका, पतञ्जली मोरङ अध्यक्ष सुरेशकुमार अग्रवाल, आजिवन सदस्य चन्द्रमणी गुरागाई, महिला पतंजली योग मोरङकी प्रतिनिधि सरस्वती दाहाल, महानगर समितिका महासचिव प्रल्हादप्रसाद दङ्गाल, संगठन सचिव हरि भट्टराई, सदस्यहरु जुना नेपाल, चक्रप्रसाद लुईटेल, योग शिक्षक केवलराम कोईराला, उमेश घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

पतञ्जली योग समिति मोरङ, महिला पतञ्जली योग समिति मोरङसँगको सहकार्यमा

वांकी अन्तिम पेजमा...

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

सुर्य नारायण महतो (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १४ को कार्यालय

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## नेतामुखी...

गर्नुको विकल्प छैन,' उनले भने, 'त्यसैले टालटुले योजना ल्याएर, लुछाचुडी गर्ने व्यवहार त्यागेर सिर्जनशील बन्नुको विकल्प छैन ।' संघीय सरकारले आउँदो आर्थिक वर्षका लागि माघ २० गते भित्र प्रदेश सरकारलाई समपुरक र विशेष अनुदानका लागि योजना प्रस्ताव गर्न सार्वजिनक सूचना प्रकाशन गरेको छ ।

## प्रदेशमा...

दैनिक १५ सयदेखि २ हजार आम्दनी हुने गरेको र भक्काबाट राम्रो कमाइ हुने र घर खर्च जुटाउन सहयोग पुगिरहेको उनको भनाइ छ ।

उनी जाडो मौसममा भक्का पकाएर बेच्छिन् र बाँकी समय मकै पोलेर परिवारको आवश्यकता पूरा गर्छिन् । मण्डल, खातुन र पोखरेलले बनाएको भक्का नरुचाउने कमै छन् । भक्का बेच्नेहरुले पेशाको रुपमा त्यसलाई अवलम्बन गरेका छन् । भक्कामोह भएका भक्का पारखीहरु अहिले विराटनगर बजारमा पनि सहजै चाहेको बेलामा खान पाएका छन् । जाडो महिना लागेपछि जो कोहीलाई भक्का खाउँखाउँ लाग्छ र खान पाउँदा भक्काका पारखीहरुलाई सन्तुष्टि मिल्छ । भक्काको परिकारलाई व्यवसायी करणगरी गरी भक्का व्यवसायीहरुको प्रत्साहको लागि स्थानीय सरकारले सहयोग गर्नु पर्ने वहाँहरुको माग छ ।

## सामुदायिक...

विराटनगर-८ का शुशिक्षा निकुञ्ज विद्यालयमा माघ ७-१२, महेन्द्र माध्यमिक विद्यालयमा माघ १३-१८, र मदर्शा तालिमुल कुरानमा माघ २०-२५ सम्म ५/५ दिने योग शिविर सञ्चालन हुने वडाध्यक्ष पोखरेलले जानकारी दिए ।

ज्ञान निकुञ्ज आधारभुत विद्यालयमा भएको योग अभ्यास कार्यक्रम पतञ्जली योग पीठ नेपालकी आजिवन सदस्य तथा महानगर समिति विराटनगर अध्यक्ष शिल्पा प्याकुरेलको सभापतित्वमा सम्पन्न भएको थियो ।

## 'सिर्जना' विमोचन

बिराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको सभाहलमा एक कार्यक्रमका बिच आत्महत्या न्युनिकरण सम्वन्धि जनचेतना मुलक श्रव्यदृष्य सामग्री "सिर्जना" विमोचन गरिएको छ ।

बिराट मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल प्रा.लि.को सहकार्यमा निर्माण गरिएको श्रव्यदृष्य सामग्री "सिर्जना" को विमोचन कार्यक्रमका प्रमुख अतिथि उक्त बिराट मेडिकल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्र मान सिंह कार्की र कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक राजेशनाथ बास्तोलाले संयुक्त रुपमा विमोचन गरेको थियो ।

विमोचन कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक राजन अधिकारी, प्रदेश प्रहरी कार्यालयका प्रहरी बरिष्ठ उपरीक्षक जयराज सापकोटा लगायत प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




## जेष्ठ नागरिक सेवा समाज प्रगती विनायक टोलमा पुरानै समितिलाई निरन्तरता



विराटनगर । प्रगती विनायक जेष्ठ नागरिक सेवा समाज विराटनगर-८ को चौथो साधारण सभावाट पुरानै कार्य समिति समितिलाई निरन्तरता दिएका छन् ।

प्रगती विनायक टोलको गणेश मन्दिरको प्रांगणमा पुस २३ गते सोमवार भएको साधारण सभाले पुरानै कार्य समितिलाई निरन्तरता दिएको हो ।

चौथो साधारण सभाका प्रमुख अतिथी विराटनगर महानगर पालिका वडा नं. ८ का वडा अध्यक्ष राम पोखरेल साधारण सभाको सफलताको कामना गर्दै जेष्ठ नागरिकलाई सबैले सम्मानत गर्नु पर्ने वताउँदै गणेश मन्दिर छेउमा निर्माणधीन रहेको जेष्ठ नागरिक पार्कलाई व्यवस्थित गर्न सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए ।

गणेश मन्दिर सेवा समिति एवंम सहमती वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेन्द्र कुमार थापाले प्रगती विनायक जेष्ठ नागरिक सेवा समाजको साधारण सभाको सफलताका कामना गर्दै संस्थाको दायरा वढाउन सवैले सहयोग गर्नु पर्ने वताए ।

प्रगती विनायक जेष्ठ नागरिक सेवा समाज ११ सदस्य कार्य समिति रहेको छ । समाजको कार्य समितिको अध्यक्षमा माधव प्रसाद ढुगेल, उपाध्यक्षमा चेतनाथ निरौला, सचिव राजेन्द्र कुमार थापा, कोषाध्यक्ष दिव्या कुमारी रेग्मी रहेका छन् ।

उक्त साधारण सभा प्रगती विनायक जेष्ठ नागरिक सेवा समाजका अध्यक्ष माधव प्रसाद ढुगेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।


### आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं ।
- सुत्नु भन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं ।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं ।
- हावाको उचित ओहोरदोहोर हुने गरीमात्र आगो वा हिटर बालौं ।
- सकेसम्म बाथरुपमा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुल्ला राखौं

झ्याल ढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान समेत जान सक्दछ ।

नेपाल सरकार, विज्ञापन बोर्ड



### वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

प्रकाश साह (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १५ को कार्यालय



### पानीजन्य रोग र सरसफाइको कमजोरअवस्थाबाट बच्न निम्न क्रियाकलाप अवलम्बन गर्न हार्दिक अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिऊ यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि : उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊ ।
- चर्पीको नियमित प्रयोग गरौ, गराऔं र चर्मी नियमित सफा राखौं ।
- ताजा, सफा र राम्ररी पकाएरका खानेकुरा खाऔं ।
- दिसा गएपछि, बच्चाको दिसा घोएपछि खाना पकाउनु खानु अगाडि र खाना खाएपछि फोहोर छोएपछि साबुन पानीले हात धौऔं एवं धुन लगाऔं ।
- खोक्दा, हाछ्यू गर्दा कुहिनाले वा टिस्यु पेपरले नाक, मुख छोपौं, आवश्यक रुपमा नाक मुख, आँखा वा अनुहारलार्य हातले नछौऔ ।
- कुहिने तथा नकुहिने फोहोरलाई बर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं । घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खाने पानीका स्रोत पोखरी, ताल, तलैया, नदी, समुदायिक वातावरण सफा राखौं ।

खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना
विराटनगर, मोरंग, कोशी प्रदेश



### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

सम्पादकीय

# विभेदकारी शिक्षालाई हटाऔं

शिक्षा भन्ने कुरा देश भित्र रहेका हरेक नागरिकले समान रुपमा पाउनुपर्छ। संविधानले पनि शिक्षा पाउने कुरा मौलिक हक अन्तर्ग नै राखेको छ। नेपालको संविधान (२०७२) मा मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ जसमा सबै नागरिकलाई आधारभूत शिक्षामा पहुँचको प्रत्याभूत गरिएको छ। त्यसैगरी आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने भनिएको छ। तर हाम्रो मुलुकमा गरीबका छोरा छोरी सामुदायिक विद्यालयमा बढ्न वाध्य छ भने धनीको छोरा छोरी निजी विद्यालयमा अग्रेजी माध्यमा पढि रहेका छन्।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले एक कार्यक्रममा वोल्दै भने अंग्रेजी र नेपाली माध्यमको नाममा विभेदकारी शिक्षा दिने कुनैपनि विद्यालयलाई प्रदेश सरकारले सहयोग नगर्ने घोषणा गरेका छन्। के यो सही हो ? यदि सही हो भने सामुदायिक विद्यालयलाई सुधार गरी निजी विद्यालय बन्द गराउनु पर्‍यो वा नीजी विद्यालयलाई सामुदायिक बनाउनु पर्‍यो। सामुदायिक विद्यालयल शैक्षिक स्तर सुधार गरी अग्रेजी माध्यमा पढाई गर्न प्रोत्साह गरी, जनशक्ति थप गरी सामुदायक विद्यालयमै सवैको लागि अंग्रेजी माध्यमको शिक्षा दिन प्रोत्साहन गरे निजी विद्यालयमा कोही पनि अभिभाव विद्यार्थीलाई पढाउँदैन आफसे आफ निजी विद्यालय बन्द हुन्छ। सामुदायिक विद्यालयमा गरीब र धनी दुवैको छोरा छोरी बराबर शिक्षा पाउँछ।

कोशी प्रदेश भरी शैक्षिक सुधार गर्ने हो भने सामुदायि विद्यालयमा निजी विद्यालयको जनशक्तिलाई भर्ना लिई पठनपाठनमा सुधार गरी निजी विद्यालय वन्द गर्न लगाउनु पर्छ। विभेदकारी शिक्षा दिने सामुदायिक विद्यालयलको सहयोग रोक्ने होईन। विभेदकारी कानुन वनाई नीजी विद्यालय खोल्न प्रत्साहन दिने कानूनलाई बदल्न जरुरी छ।

# गणतन्त्रका नाममा मौलाएको 'दलालीतन्त्र'

**सुशीला कार्की**

लोकतान्त्रिक शासन पद्धतिमा मुलुकको हितका निम्ति जनता र शासक बराबर जिम्मेवार रहन्छन्। शासक वर्गले संविधानप्रदत्त जनताका मौलिक हक स्थापित गर्ने प्रयास गरेको हुन्छ। जनताको पनि राष्ट्रप्रति केही कर्तव्य र दायित्व पालना गर्नुपर्ने संविधानमा उल्लेख छ।

नेपालमा गणतन्त्र स्थापनापछि निसन्देह व्यवस्थाअनुरुप शासन हुने जनतामा आशा थियो। तर हिजो-आज आम बुद्धिजीवीहरूले के भन्न थालेका छन् भने नेपालमा गणतन्त्रको नाममा दलालीतन्त्र हाबी हुन पुगेको छ। टोल, गाउँ, सहरहरूमा डन, माफिया, दलाल जे नामाकरण गरौं उनीहरू नै स्थापित छन्।

कुनै व्यक्तिले आफ्नो कुनै सम्पत्तिको लेनदेन र हक छाड्ने इच्छा राखेको रहेछ भने विना तिनको मन्जुरी अबका दिनमा सम्भव छैन। मुलुकभर जत्रतत्र दलालहरूको बलियो सन्जाल हाबी छ। तिनले कस-कसको मूल्यवान सम्पत्ति छ, त्यसको पत्ता लगाएर सूची बनाएका छन्।

त्यस्तो सम्पत्ति धारण गर्ने परिवारको कमजोरी खोज्छन्। विरामी, कम उमेरको वा महिला छन् कि छैनन्। कसैको परिवारमा सम्पत्तिका लागि आपसी द्वन्द्व हुने सम्भावना छ वा छैन भन्ने पत्ता लगाउँछन्। आफूले फुटेको कौडी पनि लगानी गर्नु नपर्ने यो व्यवसायमा, धाकधम्की र मुखको परिपञ्चले अरुको सम्पत्तिसम्म खाने हो।

अर्काको निर्विवाद हकको सम्पत्ति हत्याउन पहिलो पटक बिक्री गराई दिने वा कुनै एउटा अर्को बाहनाको साथ प्रवेश गरी कब्जा गर्ने गरेको देखिन्छ। त्यसपछि मुखको भरमा सम्पत्ति बेचेर रकम जति स्वयं खाने र जग्गाको वास्तविक हकदारलाई झमेलामा फसाएर हिँडेकोसम्म पनि देखिन्छ।

दलालहरूले अर्को अभियान तराई क्षेत्रमा सुरु गरेको देखिएको छ, त्यो हो- कसैको ठूलो प्लटको महँगो घर जग्गा रहेछ र त्यसमा मोही रहेनछ भने अरु कुनै कतैको अर्कै जग्गाको मोहीको रेकर्ड मिल्दोजुल्दो नामको ल्याएर किर्ते मोही खडा गर्ने। त्यसपछि भूमिसुधारमा मोही कायम गरी माग्ने मुद्दा वास्तविक मालिकमाथि दायर गरी अड्डा अदालत मिलाएर हडप्ने काम भएको छ।

हिजो भूमिसम्बन्धी ऐन २०२१ र सोको नियम अनुसार मोही हुन १ नम्बर लगत, २ नम्बर फारम तयार भई प्रकाशन भएपछि ३ नम्बर अस्थायी निस्सा प्राप्त गरी ४ नम्बरको स्थायी निस्सा प्राप्त गर्ने व्यक्ति र तिनको सन्तानलाई मोही मानिन्थ्यो। पछिल्लो व्याख्याले मोहीको छोरी/बुहारीलाई पनि मोही मानेको छ।

तर, अब भूमि सम्बन्धी ऐन २०२१ को दफा २६( घ) अनुसार मोहीलाई आधा जग्गाको हिस्सा दिएपछि धनीको आधा भागमा मोही नै कायम नहुने व्यवस्था आएको छ। त्यसरी मोहीको हिस्सा बुझेर छुट्टिएको जग्गामा समेत दलालहरूको गिद्दे दृष्टि पुगेको छ। कसैको हक नपुग्ने, निर्विवाद हकको सम्पत्तिमा दलालहरूले कब्जा लिन कुनै अरु टोल गाउँको जनाउ नामसम्म मिलाएर ल्याएको वा किर्ते खडा गरेको कागजको भरमा वास्तविक धनीले भूमि सुधारदेखि लिएर सर्वोच्च अदालतसम्म वकिल राखी विनाकारण खर्च गरेर कागजका मूठो बोकी मुद्दा लडनुपर्ने अवस्था छ। संविधानप्रदत्त धारा ३० सम्पत्तिसम्बन्धी मौलिक हकको बहाली भएको खोई ? नागरिककले आफ्नो ज्युज्यानको सुरक्षाका निम्ति राज्यलाई भारी कर तिरेको हुन्छ। यहाँ न त ज्युज्यानको सुरक्षा छ न त सम्पत्ति र बसोबासको सुरक्षा छ।

यही पिरलो भोगिरहेका देखिन्छन् एमालेका नेता, प्रख्यात कानुन व्यवसायी तथा पूर्वराजदूत कमल कोइराला। उमेरको ८५ वर्षे नेटो काटेपछि बुढेसकालमा कागजका मुठो बोकेर वकिलको दैलोदैलोमा पुग्नु परेको छ। पूर्वप्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाका पुत्र, महान नेता बीपीका सहोदर भतिजा। उनको दोष भनेको पैत्रिक सम्पत्ति परिवारभित्रै जोगाएर राख्नु हो। भूमिसुधार लागु भएको ५९ वर्ष भयो। यतिका समयमा नजन्मेको मोही यतिखेर कसरी, कहाँबाट जन्मिए ?

आजभोलि पहुँच नहुनेले सम्पत्ति कायम राख्छु वा भोग गर्छु भनी नचिताए हुन्छ। दलालहरूको बिगबिगीले जग्गा वालाहरू रोएका छन्। भू-माफियाहरूले अनेकौं झन्झटहरू उठाएर धनीहरूलाई सम्पत्ति निल्नु न ओकल्नु पारेका छन्।

अरु मुलुकमा दलाल हुन्छन्, तर तिनको प्रतिष्ठा हुन्छ। दलाल शब्द कुनै नराम्रो पेसा होइन। शुद्ध कारोबार गरेका हुन्छन् असल दलालले। बेइमानीमा चल्दैनन्, कारोबारबाट हुने आर्जनको केही हिस्सा सरकारलाई कर तिर्छन्। आफ्नो कार्यालय खोलेका हुन्छन्। सम्पत्ति बिक्रीको काममा बिचौलियाको भूमिका अपनाए पनि पारदर्शी काम गरेका हुन्छन्।

नेपालका दलालहरूको भूमिका हेर्दा दुई खुट्टामध्ये एक खुट्टा राजनीतिमा अर्को दलालीमा हुन्छ। त्यो पनि दलालीको नाममा लुटखोसको धन्दा छ। राजनीतिक पदमा जमेर आफ्ना लागि दलीय कार्यालयको दैलो सदैव खुला राख्ने र त्यसैको आडमा समाजमा धाकधम्की रवाफ देखाउने गरेको पाइन्छ।

तिनले आफ्नो पहुँच र पहिचान कहाँसम्म छ भन्ने प्रचारप्रसार गर्ने गरेका छन्। घरको बैठकको भित्तामा पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको काखमा आफ्ना सन्तान राखेर खिचेको फोटो, उनीसँग सपरिवार बसेर खिचेको फोटो, वर्तमान प्रधानमन्त्रीलाई साख्य तेह्र दिने जुठो बार्नुपर्ने दाइ भनी अंकमाल गरी खिचेको फोटोका अतिरिक्त भए जतिका ठूलाठालु मन्त्री नेतागणहरूसँग टाँस्सिएर विज्ञापन स्वरूपका फोटाहरू झुन्ड्याएका छन्।

यस्तै एक नामुद दलालले पदमा बहाल रहेका बखत न्यायाधीश प्रकाश वस्तीसँग भेट हुँदा सायद प्रभाव पार्नलाई हो कि आफूले कुन-कुन न्यायाधीश लाई बासमती चामल, चितवनको खाँटी तोरीको तेल र शुद्ध घ्यु ख्वाउने गरेको सुनाएका रहेछन्। पछि कुनै मुद्दा फैसला गर्दा जिताएर बदलामा उनीसँग लाभ लिने कुराको प्रस्ताव राखेछन्। उनले हठात इन्कार गरी उक्त मुद्दा ती दलालले सिफारिस गरेको पक्षलाई हराइदिएपछि दलालले धम्की र चेतावनी दिँदै फोनमा भनेछन्, 'अब तिमी कसरी न्यायाधीश स्थायी बनौला ? कसरी प्रधानन्यायाधीश बन्लाऊ म पनि हेर्नेछु।'

वास्तवमा त्यही भयो वस्तीमाथि। उनी स्थायी न्यायाधीश बन्न सकेनन्, प्रधानन्यायाधीश पदको त कुरै रहेन। अरु मुलुकमा भएको भए प्रकाश वस्ती जस्तो क्षमतावान व्यक्तिलाई न्यायाधीश पदमा कायम नराखी प्रधानन्यायाधीश नबनाएको भए ठूलो प्रश्न उठ्ने थियो।

म प्रधानन्यायाधीश हुँदा पनि त्यस्तै प्रकृति र प्रवृत्तिका दलालहरूले मेरो सचिवालयका पदाधिकारीहरूसँग मसँग भेटाई दिन निरन्तर फोन गरेछन्। तर मैले विना कामका मानिससँग किन भेट गर्ने भनेर इन्कार गरेपछि सचिवालयका मानिसहरूले पनि त्यही जवाफ तिनलाई दिएछन्।

त्यसपछि तिनले मेराविरुद्ध भनेछन्, 'कति दिनसम्म प्रधानन्यायाधीश पदमा बहाल रहन्छिन् तिनी, म पनि हेरौंला। पदबाट बाहिरिएपछि कसले पुछ्दो हो ? त्यसपछि तिनलाई कसले सरोकार राख्छ ? हामीले भेट माग्दा नभेट्ने त्यति ठूली रहिछन्। भोलि आवश्यक पर्दा तिनको निम्ति को काम आउँछ ? नाथे प्रधानन्यायाधीशको पद के-के न हो जस्तो लागेको होला।' तिनको ती भनाइ सचिवालयका एक अधिकृतले रेकर्ड गरेका रहेछन्। मलाई पनि पछि सुनाए। हेक्कारहोस् पदमा पुगेपछि ठूलो

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# डुंगा पल्टिएर सप्तकोशी नदीमा डुबेर घाइते भएको पत्रकारहरूलाई क्षतिपुर्ति दिन आलटाल

विराटनगर। गत कार्तिक १७ गते सप्तकोशीमा डुबेर घाइते बनेका पत्रकारको उपचार खर्च दिन प्रदेश सरकार र सशस्त्र प्रहरीले आलटाल गरेको छ। सप्तकोशीमा डुब्दा पत्रकारहरुको मोवाइल, नगद तथा क्यामेरा गरी झण्डै ५ लाखको सामान काम नलाग्ने भएको थियो।

सप्तकोशी नदीस्थित पुलमा सशस्त्र प्रहरी बल वराह बाहिनीको विपद् उद्धार परीक्षण कार्यक्रमको समापनको अवसरमा 'डेमो' देखाउन भन्दै सशस्त्र प्रहरीले पत्रकार भेला गरेको थियो। त्यसक्रममा 'डेमो' देखाउनुको साटो क्षमताभन्दा बढीलाई डुंगामा चढाएको कारण सप्तकोशीमा दुर्घटना भयो।

दुर्घटनामा परी घाइते भएका विराटनगरस्थित रेडियो नेपालका पत्रकार कुमोद अधिकारीलाई ५ दिनसम्म धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आइसियुमा राखेर उपचार गर्नुपरेको थियो। यस्तै कान्तिपुरका पत्रकार महाप्रसाद खतिवडालाई पनि केही दिन उपचार गर्नुपरेको थियो।

पत्रकार अधिकारीले उपचार गरेको ६५ हजार रुपैयाँ आफैंले तिर्नु परेको बताए। पत्रकार खतिवडाले पनि उपचार खर्च आफैंले गरेको बताए। पत्रकारहरुलाई सशस्त्र प्रहरीले गाडीमा हालेर लगेको थियो। सशस्त्र प्रहरी कोशी प्रदेशका प्रमुख डिआइजी अञ्जनी पोखरेलले प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले क्षतिपूर्ति दिने गरी आफूहरुले सिफारिस गरेको बताए। 'हामीले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सिफारिस गरेर पठाएका थियौं। के भएछ बुझ्छु है त,' उनले भने।

त्यसबेला आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मा मुख्यमन्त्री केदार कार्कीले नै लिएका थिए। प्रदेश सरकारका जनसम्पर्क अधिकृत समेत रहेका पत्रकार महासंघ प्रदेशका अध्यक्ष लिलाबल्लभ घिमिरेले कार्यविधिमा १५ हजार मात्रै क्षतिपूर्ति दिने व्यवस्था रहेकोले त्यसलाई सच्याएर पत्रकारलाई उपचार खर्च र हराएको, बिग्रेको सामान बुझाएअनुसार सोही सामानको मूल्य बराबरको रकम क्षतिपूर्ति उपलब्ध गराइने बताए।

पत्रकार खतिवडाले आफ्नो ३५ हजारको मोवाइल डुबेको बताए। यस्तै अधिकारीले पनि सोही मूल्य बराबरको मोवाइल, पर्स र नगद तथा उपचार खर्च गरी १ लाख १० हजारबढीको क्षति भएको बताए। पत्रकार जितेन्द्र ठाकुरले नगद ३० हजारसहित पर्स र मोवाइल डुबेको बताए। कान्तिपुर टेलिभिजनकै पत्रकार शम्भु पोखरेलको झण्डै ३ लाख रुपैयाँ पर्ने क्यामेरा तथा ट्राइपोर्ट डुबेको थियो। पोखरेलले आफ्नो २ वटा मोबाइल पनि डुबेको बताए।

'हामीलाई सशस्त्रकै जवानहरुले जबर्जस्ती डुंगामा चढ्न भनेका हुन्। हामी नचढ्ने भनेर बसेका थियौं। अनि क्षमताभन्दा बढी चढेपछि दुर्घटना भयो,' पत्रकार खतिवडाले भने, 'अहिलेसम्म सरकारी निकाय तथा पत्रकारसँग सम्बन्धी संघ संस्थाले खोजी नै गरेनन्।'

यता, पत्रकार महासंघ कोशी प्रदेशका महासचिव विवेक गौतमले आफूहरुले क्षतिपूर्तिका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुख्यमन्त्री कार्यालय र सशस्त्र प्रहरीलाई भनिरहेको बताए। 'हामीले तत्काल क्षतिपूर्ति दिन दबाब दिएका छौं,' गौतमले भने।

को-को परेका थिए दुर्घटनामा ?

दुर्घटनामा चार पत्रकारसहित ११ जनाको टोली डुबेको थियो। दुर्घटनामा कान्तिपुरकर्मी खतिवडा, साह र पोखरेल तथा पत्रकार कुमोद अधिकारी, जितेन्द्र ठाकुर, उदयपुरका स्थानीय सुशील सैँढाई, अर्जुन दाहाल, टंक शर्मा, तेजप्रसाद तिम्सिना, गोमा सैँढाई, विशाल दाहाल र अम्बिका निरौला घाइते भएका थिए। पानीमा डुबेर बेहोस भएका अधिकारी र खतिवडाको छातीमा समस्या देखिएपछि अस्पताल लगिएको थियो। सशस्त्र प्रहरी बलको बराह बाहिनी सुनसरीले दुई महिनाअघि सुरु गरेको गोताखोर तालिमको समापनको अवसरमा कृत्रिम अभ्यास गराउने तयारी थियो। कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको समन्वय तथा सहकार्यमा नेपालमा चौथो पटक भएको 'सिसम-४' गोताखोर तालिममा दुई जना जनपथ र १८ सशस्त्र प्रहरी गरी जम्मा २० जना जवानहरू प्रशिक्षार्थीको रूपमा सहभागी थिए। कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की थिए।

त्यसैगरी सदस्यहरुमा देवनारायण मण्डल, भरत प्रसाद निरौला, हरि प्रसाद थपलिया, भानुभक्त थापा, पुष्पा अधिकारी, गंगा प्रसाद कोईराला र रत्न कुमार जोशी रहेका छन्।

# राजवंशी समुदायले आज भक्का दिवस मनाउँदै

**संजय राजवंशी**



कटहरी। कोशी प्रदेशको पूर्वी नेपालको सुनसरी, मोरंग र झापामा बसोवास गरेका राजवंशी समुदायले आज भक्का दिवस मनाई रहेका छन्।

भक्का दिवस राजवंशी समुदायले सांस्कृतिक उत्सवका रुपमा झापा जिल्लाको सदरमुकाम भद्रपुरमा मनाउने राजवंशी समाज विकास समिति केन्द्रीय अध्यक्ष शुबन्त राजवंशीले भद्रपुरको सिटी गार्डेनमा पत्रकार सम्मेलन गरी जानकारी गराएका थिए।

राजवंशी समुदायको संस्कार, संस्कृतिको पहिचानको लागि भक्का उत्सव मनाउने परम्पराको पहिलो थालनी गर्न लागेको रासविस समितिका झापा जिल्ला अध्यक्ष उत्तम कुमार राजवंशीले जानकारी गराउँदै सो दिन आगन्तुक पहुनाहरुलाई निशुल्क भक्का खुवाउने वताएका थिए।

राजवंशीहरूको भान्साबाट लोप हुँदै गएको मौलिक खाजा भक्काको प्रवर्द्धनको लागि परम्परागत ओखल (गहिन) गहिनमा कुटेको चामलको पिठोबाट भक्का तयारी गरिनेछ। थोरै लगानीमा व्यवसायको ढोका खुल्ने विश्वास आयोजकले लिएको छ।

भक्का खास गरी जाडो आममा विहान र बेलुका अचार र तरकारीको साथ खाने गरीन्छ। आजभोली भक्का व्यवसायको रुपमा विहान र बेलुका राजवंशी लगायत अन्य जातिको महिलाहरुले समेत चौकहरुमा बेच्ने गरीन्छ। भक्का सानो लगानीमा राम्रो आन्दानी भएकोले उत्सवको रुपमा मनाएर संस्थागत गर्न खोजेको आयोजकको बुझाई छ।

भक्का दिवसको अवसरमा गायक बलराम राजवंशी सहित अन्य राष्ट्रिय तथा चर्चित स्थानीय कलाकारहरूको समेत प्रस्तुति रहने आयोजकले जनाएको छ।

# जीवन विकासको प्रांगारिक मल तथा बायोग्यास सञ्चालनमा

विराटनगर। प्राङ्गारिक मलसँगै बायोग्यास उत्पादन गर्ने उद्योगसञ्चालनमा आएको छ। गैर नाफा मुलक संस्था जीवन विकास समाजले मोरङको धनपालथान गाउँ पालिका ३ डकुवाडाँगामा दश बिघा क्षेत्रमा स्थापना गरेको प्राङ्गारिक मल तथा बायोग्यास उद्योग शुक्रबारबाट औपचारिक रुपमा सञ्चालनमा आएको हो।

उद्योगको उद्घाटन समाजका संस्थापक अध्यक्ष तथा मोरङ क्षेत्र नम्बर ५ का प्रतिनिधिसभा सदस्य माननीय योगेन्द्र मण्डल र प्रदेशसभा सदस्य गयानन्द मण्डलले गरे। उद्योगको उद्घाटन गर्दै उनले रासायनिक मललाई प्रतिस्थापन गर्ने अभियान सुरु भएको बताए। स्वदेशमा नै उत्पादन हुने प्राङ्गारिक मलले नेपाली किसानले भोग्दै आएको रासायनिक मलको हाहाकारलाई कम गर्ने उनको भनाई छ। 'यो वर्ष आठ लाख मेट्रिक टक रासायनिक मल चाहिन्छ, चार लाख टन बाहिरबाट ल्याउँदा ३३ अर्ब खर्च भइसक्यो,' उनले भने,' यसको दीर्घकालिक समाधान सोचिएन भने एक दिन किसानसँग पैसा हुन्छ, तर खाद्यान्न विना बस्नुपर्ने अवस्था आउनसक्छ।'

युरिया डिएपी जस्ता रासायनिक मलको विकल्पको रुपमा प्राङ्गारिक मल प्रयोग गर्नुपर्ने उनको भनाई छ। 'युरिया डिएपीको विकल्पको रुपमा प्रयोग गर्नु पर्छ, सिक्किमले रासायनिक मल निषेध गरिसक्यो,' उनले भने,' हामीले तीन ठाउँमा प्राङ्गारिक मलको प्रयोग गर्दा युरिया डिएपी बराबरकै धान फल्यो, त्यहाँ कुनै रोगब्यादी पनि लागेन।'

राज्यले योजना बनाउने हो भने तीन वर्षमा नेपाललाई रासायनिक मल मुक्त गर्न सकिने उनको भनाई छ। 'युरिया डिएपी खरिदका लागि छुट्याएको बजेट बराबरको लगानी गरे तीन वर्ष भित्र पर्याप्त प्राङ्गरिक मल उत्पादन हुन्छ,' उनले भने,' उत्पादन लागत सस्तो छ, प्रभावकारिता रासायनिक मल बराबर छ, फाइदा धेरै हुन्छ।'

कोशी प्रदेश सांसद गयानन्द मण्डलले प्राङ्गरिक मलको प्रयोगमा राज्यले किसानलाई सहयोग गर्ने बताए। उनले भने 'रासायनिक मलबाट मुक्त हुन प्राङ्गरिक मलको प्रयोग आवश्यक छ,'

१० करोड लागतमा जीवन विकासले स्थापना गरेको उद्योगको क्षमता दैनिक आठ टनसम्म प्राङ्गरिक मल उत्पादन गर्नेछ। १५० सिलिन्डर बायोग्यास उत्पादन गर्ने क्षमता छ।

उद्योगबाट बायोग्यास भन्दा पनि मल उत्पादनमा जोड दिएको उद्योगका प्रमुख उपेन्द्रकुमार मण्डलले बताए। उनका अनुसार ४० टन कच्चा पदार्थ प्रयोग गर्दा ८ टन प्राङ्गरिक मल र १५० सिलिन्डर बायोग्यास उत्पादन हुन्छ।

सोही क्रममा किसानले उत्पादन गरेको दूध सङ्कलनका लागि जीवन विकास डेरीको दूध संकलन केन्द्रको पनि उद्घाटन गरिएको थियो।

सिलिन्डरमा बायोग्यास

तीन हजार घनमिटरको डाइजेस्ट उद्योगबाट प्राङ्गरिक मलसँगै बायोग्यास पनि उत्पादन गरिरहेको छ। यसरी उत्पादन भएको बायोग्यास विराटनगरका दुई डेरीले प्रयोग गर्छन्। मण्डलका अनुसार हाल दैनिक ६ किलो दरका ३० सिलिन्डर ग्यास उत्पादन हुन्छ। खुद कार्बन उत्सर्जन कम गर्ने अभियान अन्तरगत उत्पादन सुरु गरेको बायोग्यास एलपीजी ग्यास भन्दा सस्तो रहेको उनको दाबी छ।

ग्यास र मल उत्पादनका लागि उद्योगले किसानबाट गोबर र अन्य कच्चा पदार्थ खरिद गरिरहेको छ। बायोग्यास प्रमुख मण्डलका अनुसार उद्योगका लागि विराटनगर र आसपासमा रहेका गाई भैँसी फर्मबाट गोबर संकलन हुन्छ।

संकलन भएको गोबरसहितका कच्चा पदार्थबाट उत्पादित ग्यासलाई पाइपलाइनबाट प्युरीफीकेसन हुँदै स्वचालित कम्प्रेसर मेसिनबाट सिलिन्डरमा ग्यास भरिन्छ। यसरी उत्पादन भएको ग्यास जीवन विकास डेरी र दूध वाला डेरी फर्मले प्रयोग गर्छ। ती उद्योगले एलपीजी ग्यास र दाउरा प्रयोग गर्न छाडेका छन्। दूध वाला डेरीका सञ्चालक बिक्की अग्रवालले एलपीजी ग्यासको तुलनामा बायोग्यास निकै सस्तो भएकाले उत्पादन लागत कम भएको बताए। 'एलपीजी भन्दा सस्तो छ, प्रभावकारिता उस्तै छ,' उनले भने,' साना तथा मझौला उद्योगका लागि प्रभावकारी भयो, सिलिन्डर ठूलो भएका कारण घरका लागि चाहिँ प्रयोग गर्न गाह्रो छ।'

जीवन विकास डेरी उद्योगका प्रमुख विजय मण्डलका अनुसार बायोग्यासको प्रयोगले उत्पादन लागत कम गरेको छ। प्रयोग गर्न पनि सहज भएको उनको अनुभव छ। 'पहिला हामी दाउरा प्रयोग गर्थ्यौं, जसका लागि एउटा लेबर छुट्टै चाहिन्थ्यो,' उनले भने,'बायोग्यास जोडेपछि लेबर कष्ट जोगियो, काम गर्न पनि सजिलो भयो, दूध स्टीम(तताउन) गर्न धेरै छिटो हुन्छ, धुवा धुलो रहितपनि भयो।'


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं।

जितेन्द्र कुमार साह (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १८ को कार्यालय



तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

# लघुवित्तबाट बचतको पेन्सन थप्दै गाउँका महिला

विराटनगर । रंगेली नगरपालिका-४ चोप्राहाकी सुनिता मण्डलले सोमबार जीवन विकास लघुवित्तबाट एक लाख रुपैयाँ पाइन् । यो रकम उनले लघुवित्तको पेन्सन योजना अन्तरगत पाएकी हुन् ।

२०६५ सालदेखि उनले हरेक केन्द्र (१४-१४दिनमा बस्ने) बैठकमा एक सय रुपैयाँका दरले पेन्सन बचत गरेकी थिइन् । पेन्सन परिपक्क भएपछि सोमबार लघुवित्तका कर्मचारीले बोलाएर उनलाई एक लाख रुपैयाँ हस्तान्तरण गरे । छाक काटेर जम्मा गरेको एक सय रुपैयाँ एक लाख भएपछि उनी दंग छिन् ।



लघुवित्त रंगेली शाखा प्रमुख खीरमती राजवंशीका अनुसार पेन्सन योजनामा सुनिताले १५ वर्षमा ३९ हजार रुपैयाँ जम्मा गरेकी थिइन् । लघुवित्तले ६१ हजार ब्याज थप गरेर एक लाख रुपैयाँ भुक्तानी गरेको हो । पेन्सन बचत परिपक्व भएपछि जीवन विकास लघुवित्तको रंगेली शाखाबाट मात्रै ३५ जनाले ३५ लाख रुपैयाँ भुक्तानी पाइसकेका छन् ।

लघुवित्तबाट निकालेको पेन्सन रकम छोरा छोरीको पढाई र खेतीमा खर्च गर्ने सुनिता र उनका श्रीमान धर्मेन्द्रको योजना छ । 'छोरा छोरी पढाउन र बिहेबारीमा काम लाग्छ भनेर पेन्सन जम्मा गर्न थालेका थियौं,'सुनिताका श्रीमान धर्मेन्द्र भन्छन्,' यो पैसा छोरीको उच्च शिक्षामा खर्च गर्छु, थोरै घर खर्च पनि हुन्छ ।'

धनपालनाथ गाउँपालिका- ६ कालाबन्जारकी ७० वर्षीय सुखियादेवी सहनीले दुई वर्षअघि नातिनीको बिहे गर्दा जग्गा धितोमा राखेकी थिइन् । दुःखले जोडेको जग्गा साहुले लैजान खोजेपछि गत भदौमा पेन्सन योजनाको एक लाख रुपैयाँ निकालेर लालपूर्जा उकासिन् । जग्गाको लालपूर्जा अहिले उनीसँगै छ ।

२० वर्षअघि जीवन विकास लघुवित्तको केन्द्र नम्बर १७ को सदस्य बनेकी उनले २०६५ सालमा पेन्सन योजना अन्तरगत हरेक बैठकमा एक सय रुपैयाँ जम्मा गरेकी थिइन् । 'हिजो पेन्सन बचत गर्न मन मान्दैनथ्यो, सर-मिसले ( कर्मचारी) पटक पटक भनेपछि बचत गरे,'उनले भनिन्,' आज एकमुष्ट पैसा पाउँदा ठूलो दुःख टर्यो, डुब्न आँटेको जग्गा जोगियो ।'

पेन्सन योजना अन्तरगत जम्मा गरेको बचत परिपक्क भएपछि निकाल्न नचाहे सदस्यले मासिक रुपमा पेन्सन पाउँने जीवन विकास लघुवित्त कर्सिया शाखा प्रमुख गायत्री पोखरेलले बताए । 'अवधि पुगेको एक लाख पेन्सन संस्थामै राखे सदस्यले मासिक एक हजार,' उनले भने,' पाँच लाखको योजना भए मासिक पाँच हजार पेन्सन पाउँछन् ।'

ग्रामीण भेगका विपन्न परिवारले समेत पेन्सनको अनुभुति गर्न पाउन भन्ने उद्देश्य सहित २०६४ सालबाट जीवन विकास लघुवित्तले पेन्सनको योजना सुरु गरेको थियो । पेन्सन योजनामा १ लाख २६ हजार लघुवित्तका सदस्यहरु सहभागी छन् । तर यो योजना पछिल्लो समय बन्द छ ।

राष्ट्र बैंकले रोक लगाएपछि पेन्सन योजना २०७६ सालदेखि बन्द भएको जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले बताए । त्यसअघि खुलेका पेन्सन योजना नियमित रुपमा चलिरहेका छन् ।

परिपक्क भएका योजना भुक्तानी पनि भइरहेको उनको भनाई छ । 'ग्रामीण क्षेत्रमा विपन्न समुदायलाई पेन्सन दिने योजना राम्रो र प्रभावकारी छ, तर अहिले बन्द गर्नुपरेको छ,'उनले भने,' पेन्सन योजनाका लागि इच्छुक धेरै सदस्य हुनुहुन्छ, राष्ट्र बैंकले रोकेका कारण हामीले योजना अघि बढाउन पाएका छैनौं ।'

क्षमता अनुसार १५ वर्ष बचत गरेपछि पेन्सन पाउने योजनाले सर्वसाधरणको जीवनस्तर उकास्ने बताउँदै उनले राष्ट्र बैंकलाई रोक लगाउने निर्णय पुनर्विचार गर्न आग्रह गरे । 'यो योजनाले बचतको बानी नभएका नागरिकलाई बचत गर्न प्रोत्साहित गर्छ,' उनले भने,'राष्ट्र बैंकले नियमन गर्ने गरी पेन्सन योजना सुचारु गरिदिए ग्रामिण क्षेत्रका विपन्नहरुलाई सहज हुन्छ ।'

# नेतामुखी विकास रोकौं, प्रदेशमुखी विकासको योजना बनाऔं

विराटनगर । नेतामुखी विकास रोक्न र प्रदेश मुखी विकासका लागि योजना बनाउन कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की‍ल निर्देशन दिएका छन् ।

संघीय सरकारमा समपुरक र विशेष अनुदानका लागि कोशी प्रदेशले कस्ता योजना प्रस्ताव गर्ने विषयक छलफलमा सोमबार मुख्यमन्त्री कार्कीले नेतामुखी विकासले निरास भएका युवा तथा समग्र प्रदेश वासीमा आशा जगाउने योजना ल्याउन निर्देशन दिएका हुन् ।

'उद्योग मन्त्रालयमा उद्यम विकास र प्रविधि हस्तान्तरणका लागि आएको बजेट जिल्लामा छरेर उद्यम विकास हुन्छ ?'उनले भने, 'निरिहता नदेखाऔं, सिर्जनात्मक बनौं । युवाहरूमा आशा जगाउन सिर्जनात्क बन्ने कि नबन्ने ? यो प्रदेश वासीको प्रश्नहो ।' मुख्यमन्त्री कार्कीले योजना नै छान्ने हो भने योजना आयोगबाट छान्ने कि नछान्ने, कि नेताको खल्तिबाट निकालेको योजनामा रमाएर बस्ने भन्दै मन्त्रालयका सचिवहरूलाई प्रश्न गरेका थिए । त्यसैले अहिले योजना बैंक निर्माण गर्न लागि परेको र अब योजना बैंकको योजनामा मात्रै प्राथमिकता क्रममा बजेट विनियोजन हुने उनको भनाइ थियो ।

'प्रदेश वासी उद्योगी र धनी भएपछि मात्रै प्रदेश आत्मनिर्भर हुन्छ,' मुख्यमन्त्री कार्कीले भने, 'त्यसैले उद्योगीलाई आकर्षित गर्ने र प्रविधि हस्तान्तरण गर्ने बजेटलाई उपयोग गरौं ।' नयाँ आकर्षक योजना नबनाउने तर भएको बजेटमा लुछाचुडी गरिरहने भन्दै उनले सचिवहरूलाई प्रश्न गरेका हुन् ।

'सिर्जनात्मक बनौं, खाने पानीमा नयाँ योजना ल्याऔं र १० यूनिटसम्म खानेपानी निःशूल्क दिएर ११ यूनिटबाट १ बाट गणना गरेर महसुल लिऔं,'उनले भने, 'प्रदेश वासीलाई निःशुल्क खानेपानी खुवाउन कुनै समस्या छ ? १० यूनिट भन्दा बढी पानी खपत गर्नेले तिरेको पैसाले पुग्दैन ?' पर्यटन क्षेत्र फष्टाएन भन्ने तर गाउँका पटुवा धुने पोखरी र घर छेउको मन्दिरमा बजेट दिएर पर्यटन व्यवसाय कहाँ चल्ने भन्दै मुख्यमन्त्री कार्कीले प्रश्न गरेका थिए ।

मन्त्रालयका सचिव र कर्मचारीहरू सिर्जनात्मक योजना ल्याएर काम नगरेसम्म प्रदेश वासीमा आशाको सञ्चार नहुने मुख्यमन्त्री कार्कीले सुनाए । 'कोशी प्रदेशको पर्यटन र कृषि क्षेत्रका लागि परिवर्तन कारी योजना ल्याएर युवालाई आकर्षित

वांकी अन्तिम पेजमा...


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**समिम कमर मियाँ (वडा अध्यक्ष)**

**विराटनगर महानगरपालिका वडा नं. १७ को कार्यालय**


# चोरी र अन्य अपराधिक कार्यमा संलग्न दुई पक्राउ

विराटनगर । मोटर साईकल चारी र लागु औषधमा संलग्न व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरेका छन् ।

पक्राउ सुनसरी जिल्ला हरिनगरा ६ बस्ने ४० बर्षिय नजाम अन्सारी, भोक्राहा नरसिंह गाउँपालिका-२ बस्ने २३ बर्षिय निकाईल अन्सारी रहेका छन् । उनीहरुलाई मंसिर २९ गते विराटनगरवाट पक्राउ गरिएको थियो ।

विगत लामो समय देखि मरोङ र सुनसरी जिल्लाका विभिन्न स्थानहरूबाट मोटरसाईकल चोरीमा संलग्न संगठित गिरोहको खोजतलास एवं नियन्त्रणको लागि जिल्ला प्रहरी कार्यालय मोरङले विशेष अपरेशन संचालन गरेपछि तिनीहरु प्काउ परेका हुन् । अपरेशनको क्रममा १ सय भन्दा बढि मोटरसाईकल चोरी गरी भारतको जोगवनी, फारवेसगन्ज र फुल्काहा लगायतका बजारमा पुर्याजई विक्रि गर्ने गरेको थियो ।

पक्राउ प्रतिवादीहरूले निम्न स्थानबाट मोटरसाईकल चोरी गर्दै गरेको सीसीटीभी फुटेज सहित पीडितहरूबाट जाहेरी लिई अनुसन्धान सम्पन्न भएको छ । प्रतिवादी नजाम अन्सारीको साथबाट अवैध लागु औषध ब्राउन सुगर १.०३ ग्राम बरामद भई लागु औषध कसुरमा समेत अनुसन्धान सम्पन्न भएको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरुले विभिन्न स्थानवाट पार्किङ्ग गरी राखेका मोटर साईकलहरु चरी गरेको थिए । भाद्र १० गते मोरङ जिल्ला विराटनगर-२ बन्जरा चोकमा पार्किङ गरी राखेको को २६ प ७७७६ नम्बरको होण्डा साईन मोटरसाईकल, असोज १५ गते मोरङ जिल्ला विराटनगर -४ नोवेल अस्पताल परिसरबाट को ४३ प ४८०४ नम्बरको सुपर स्प्लेण्डर मोटरसाईकल, मंसिर ६ गते मोरङ जिल्ला विराटनगर-७ सेन्ट्रल मलको अण्डरग्राउण्ड पार्किङमा पार्किङ गरी राखेको को १० प ९५६६ नं. को स्प्लेण्डर मोटरसाईकल, मंसिर ८ गते मोरङ जिल्ला विराटनगर-९ गुद्री बजारबाट को २८ प ७८१५ नम्बरको यमाहा कम्पनीको मोटरसाईकल चोरी गरेका थिए ।

त्यसैगरी मंसिर ९ गते विराटनगर-७ कोशी अस्पताल परिसरबाट को.२५ प १८११ नं. को होण्डा कम्पनीको सिवि हर्नेट मोटरसाईकल मंसिर २२ गते मोरङ जिल्ला बिराटनगर-४ नोबेल अस्पतालको पार्किङ स्थलमा पार्किङ गरि राखेको को २९ प ५५४ नं. को हिरो कम्पनीको स्प्लेण्डर मोटरसाईकल, मंसिर २७ गते मोरङ जिल्ला विराटनगर-६ भाटभटेनी सुपरमार्केटको पार्किङ स्थलमा पार्किङ गरी राखेको होण्डा कम्पनीको को. २१ प ५८९४ नम्बरको साईन सिवि मोटरसाईकल चारीगरी विक्री वितरण गरेको थियो ।

पक्राउ परेकाहरु विरूद्ध दर्ता भएका ७ वटा चोरी सम्बन्धी र अवैध लागु औषध (ब्राउनसुगर) मुद्दामा अनुसन्धान पश्चात जिल्ला सरकारी वकिल कार्यालय मोरङमा पुस २२ गते पेश गरिएको छ ।

पक्राउ परेका मध्ये नजाम अन्सारी विगतमा अपराधीक कार्यमा संलग्न रहेको पाईएको छ । २०५९ मंसिर ८ गते जिल्ला प्रहरी कार्यालय मोरङबाट नजाम अन्सारी बिरूद्ध चोरी कसूरमा मुद्दा दर्ता भएकोमा अनुसन्धान पश्वात २०५९ मंसिर ३० गते सम्मानित मोरङ जिल्ला अदालतबाट ५ हजार धरौटी माग भएकोमा उक्त धरौटी रकम राख्न नसकी थुनामा गएको थियो । २०६७ पुस २० गते जिल्ला प्रहरी कार्यालय सुनसरीबाट केही सार्वजनिक अपराधमा मुद्दा दर्ता भएकोमा अनुसन्धान पश्चात २०६७ माघ २ गते जिल्ला प्रशासन कार्यालय सुनसरीबाट ९ हजार धरौटी माग भएको थियो ।

त्यसैगरी २०७२ जेठ २७ गते जिल्ला प्रहरी कार्यालय सुनसरीबाट केही सार्वजनिक अपराधमा मुद्दा दर्ता भएकोमा अनुसन्धान पश्चात २०७२ असार ७ गते जिल्ला प्रशासन कार्यालय सुनसरीबाट ३ हजार धरौटी माग भएको थियो । २०७६ माघ २० गते जिल्ला प्रहरी कार्यालय मोरङबाट जवरजस्ती करणी कसूरमा मुद्दा दर्ता भएको, २०७९ कार्तिक १५ गते जिल्ला प्रहरी कार्यालय मोरङबाट बैकिङ कसूरमा मुद्दा दर्ता भएको पाईएको प्रहरीले जनाएको छ ।

चोरी गरी भारतीय बजारमा बिक्रि गरिएका मोटरसाईकलहरू सुनसरीको देवानगन्ज हुँदै सीमावर्ती भारतीय बजार कटियारतर्फ अवैध घरेलु मदिराको ओसारपसारमा प्रयोग हुने गरेको अनुसन्धानवाट खुलेको छ । चोरीमा संलग्न गिरोहको पक्राउ पश्चात मोटरसाईकल चोरीका घटनामा समेत ठूलो मात्रामा कमी आएको जिल्ला प्रहरी कार्यालय मोरगको भनाई छ ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# रंगेली प्रीमियर लीग क्रिकेटको उपाधि आमगाछी ईगल्स टीमको पोल्टामा



**सुरेन्द्र मण्डल**

आमगाछी । रंगेली प्रीमियर लीग क्रिकेटको प्रतियोगितामा संसारी चाईलेन्जर्सलाई हराउँदै उपाधी आमगाछी ईगल्स टीमको पोल्टामा परेको छ ।

आमगाछी ईगल्सले पहिलो टस जिती विस ओभरको खेलमा संसारी चाईलेन्जर्सलाई १४० को टारजेट दिएको थियो । दोस्रो ब्याटींगमा खेल्दै संसारी चाईलेन्जरले १०६ रण पुरा गरी अल आउट हुँदा आमगाछी ईगल्स टीम प्रिमियर लीगको विजेता घोषित भएका थिए । दोस्रो स्थान संसारीले चाइलेन्जरले प्रप्ता गरको थियो ।

उक्त खेलमा रंगेली नगरपालिका का ६ वटा टिमले भाग लिएको थियो जसमा रंगेली वडा नं ५ आमगाछी का आमगाछी ईगल्स र रंगेली वडा नं ७ का संसारी चालेन्जर ले फाइनल खेलमा पुगेको थियो !

विजेता टीम लाई नगद १ लाख र दोस्रो स्थान हुने टीमलाई ५१ हजार पुरस्कार प्रदान गरिएको थियो । त्यसैगरी म्यान अफ दि म्याच हुनेलाई १ हजार ५ सय, वेस्ट व्याटस म्यानलाई ५ हजार १ सय र बेस्ट फीलडरलाई ३ हजार ५ सय पुरस्कार प्रदान गर्नुका साथै विजेता र उप विजेतालाई शिल्डकप र प्रमाणपत्र प्रदान गरिएको थियो ।

रंगेली प्रीमियर लीग क्रिकेट प्रतियोगिताको मञ्चमा आयोजक समिति का अध्यक्ष बेदमनी घिमिरे, प्रमुख अतिथि युवा तथा खेलकुद मन्त्री माननिय श्री डिग वहादुर लिम्बू रहेको थियो भने विशिष्ट अतिथिमा कोशी प्रदेश संसद माननिय अमृत अर्याल, रंगेली नगरपालिका प्रमुख दिलीप अग्रवाल, सन्वर्शी नगरपालिका प्रमुख श्याम राजवंशी र धनपाल थान गाउँपालिका प्रमुख जिवच्छ गच्छदारको उपस्थिति रहेको थियो ।

मोरङको रंगेली नगरपालिका को जनता क्यामपसको खेल मैदानमा पुस ५ गते देखि शरु भएको रंगेली प्रीमियर लीग क्रिकेट प्रतियोगिता पुस २१ गते शनिबार फाइनल खेल भई विजेता र उपविजेता लगायतको खेलाडीहरुलाई पुरस्कार रकम र प्रमाणपत्र वितरण गरी आयोजक समिति का अध्यक्ष बेदमनी घिमिरको अध्यक्षतमा प्रतियोगित सम्पन्न भएको थियो ।

# जलन अस्पताल निर्माण प्रक्रिया शुरू

विराटनगर । आगलागीमा घाइते भएका लगायतका बिरामीहरूको उपचारका लागि एक सय शय्याको जलन अस्पताल निर्माण प्रक्रिया बुधबारबाट सुरू भएको छ ।

उक्त अस्पताल निर्माण गर्न कोशी प्रदेश सरकार र जन स्वास्थ्य सरोकार ट्रष्टबीच सम्झौता भएको हो । मुख्यमन्त्री केदार कार्कीको उपस्थितिमा स्वास्थ्य मन्त्रालयका सचिव डा. सुधा देवकोटा र ट्रष्टका कार्यकारी निर्देशक डा. गौरी प्रधानले उक्त अस्पताल निर्माणका लागि सम्झौता पत्रमाहस्ताक्षर गरेका छन् ।

ट्रष्टले इटहरी उपमहानगर ११ पकलीस्थित भवानीपुरमा ७ वर्ष अगाडि खरिद गरेको २ विघा १० कट्ठा जग्गामा ५० शय्या जलन र ५० शय्या सामान्य गरी १ सय शय्याको जलन अस्पताल निर्माण गर्न लागेको हो । ट्रष्टले पटक पटक उक्त अस्पताल निर्माणका लागि सरकारसँग पहल गरे पनि हालसम्म संभव हुन सकेको थिएन । मुख्यमन्त्री कार्की नेतृत्वमा सरकार गठन भए लगत्तै उनले आफ्नै पहलमा जलन अस्पताल निर्माणका लागि बजेट विनियोजन गरेर प्रक्रिया सुरू गरेका हुन् ।

प्रदेश सरकारले ट्रष्टसँग सम्झौता गरेर तीन मिहनाभित्र उक्त अस्पताल निर्माण सुरू गर्न १ करोड ५० लाख बजेट दिन सम्झौता गरेको छ । ४० करोड लागतमा निर्माण हुने उक्त अस्पतालका लागि आवश्यक थप बजेट दिने मुख्यमन्त्री कार्कीले प्रतिबद्धता जनाएका छन् ।

अस्पताल सञ्चालनका लागि आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन ट्रष्टले गर्ने कार्यकारी निर्देशक प्रधानले बताएका हुन् । उनले प्रदेश सरकारले अस्पताल निर्माणका लागि दिएको अनुदान सहयोग गरे बापत कोशी प्रदेशका बिरामीलाई सहज र सुलभ रूपमा उपचार सेवा प्रदान गर्ने सम्झौतामा उल्लेख छ । उक्त अस्पतालले जलनसम्बन्धी विशेषज्ञ र विशिष्टिकृत सेवा प्रदान गरिने समेत सम्झौता पत्रमा भनिएको छ ।

# गणतन्त्रका...

मान्छे हुन्छ भन्ने मानसिकता तेस्रो विश्वका मुलुकहरूमा मात्र हो । विकसित मुलुकमा हेर्ने हो भने अमेरिकाको राष्ट्रपति पनि लुरुलुरु सडकमा हिँडेको देखिन्छ ।

न्युजिल्यान्डकी महारानीले ट्राम चढेर आएर फुटपाथमा सामान किनेको, आममहिलाले जस्तै पसल-पसल घुमेर किनमेल गरेको हामीले नै आँखाले देख्यौं । जापानमा ठूलै पदाधिकारीहरू पनि रेलमै यात्रा गरेको देखियो । नेपालको चारैतिरको सीमाबन्दीले र सुरक्षित हुने हो भने हामी पनि काम पर्दा पैदल हिँड्ने थियौं । हामीलाई गाडी र सुरक्षाकर्मी किन चाहिन्थ्यो र ?

हाम्रो मानसिकता कस्तो छ भने एउटा न्यायाधीशले कुनै नातागोताकी सुन्दरी महिलासँग बाटोमा कुरा गरेको देखे मात्रै पुग्छ । सञ्चारमाध्यमले त्यही कुरालाई लिएर पंखा लगाएर धुँवा उडाउँछन् । मानिसहरू टिकटक र भिडियो बनाउन थाल्छन् । न्यायाधीशले कुनै सेवाग्राहीसँग भेट गर्नै नहुने र फोनमा कुरासम्म पनि गर्नैनपर्ने आचार-संहितामा कहीँ लेखेको छैन ।

चीनमा मुद्दा हार्ने पक्षले आफूलाई हराउने न्यायाधीशसँग आफूले हारेको कारण र आधारबारे सल्लाह माग्छन् । भविष्यमा के गर्ने त्यसमा पनि सल्लाह माग्छन् । ती विषयमा घण्टौं फोनमा कुराकानी छलफल गर्छन् । अमेरिकामा पनि त्यही प्रचलन छ, आरामसँग न्यायाधीशले पक्षहरूलाई सल्लाह दिन्छन् । कारण ती मुलुकहरूमा विधिको शासन कायम छ । जनताले न्यायाधीश र मुलुकको व्यवस्थामाथि विश्वास गर्छन् ।

आजभोलि यस्ता प्रकृतिका दलालहरूले चाहे न्यायाधीश होस्, चाहे सरकारका उच्च पदमा आसिन कर्मचारी वा नेतागणहरु किन नहुन् नंग्याएका छन्, हरियो मकैको घोगा नंग्याए सरह । गल्ली-गल्ली, सहर-सहरमा, व्यापक चर्चा पुर्याएका छन् फलानो फलानो मेरो खल्तीभित्रका मानिस हुन् भनेर । मैले जे भन्यो त्यही गर्छन्, अथवा फलानाको घरमा रकम पुगिसकेको छ । फेरि दलालले आफूले दिनुपर्ने पनि होइन रहेछ, मुद्दामा रकम लगानी गर्नेहरू पनि मिलाउँदा रहेछन् ।

विराटनगरको कुनै कोइराला घरानाको अपुताली मुद्दामा उच्च अदालतको फैसला उल्टाउन मुद्दाको पेसी सार्ने काम कर्मचारीहरू मिलाएर पटक-पटक यसर्थ हुँदै छ कि जसमा एघार भाइ न्यायाधीश मध्ये तीन भाइ ६ महिनाभित्र पदमुक्त हुन्छन् । त्यसपछि मात्र फायल खोल्ने गरी थामेर राखेको कुरा स्वयम दलालहरू गल्ली गल्लीमा खुलेआम भन्दै हिँडेका छन् ।

भनिन्छ, यस्तै दलालका फेरमा पर्नाले एकजना न्यायाधीशले सामुन्नेमा आएको प्रधानन्यायाधीशको पदबाट हात धुनु परेको पनि हो ।

दलालको कुनै धर्म हुँदैन, पैसका लागि ऊ जे पनि गर्छ । कतिपय दलालले काम गराएवापत संकलन गरेको घुसको रकम नदिएको र स्वयं खाइदिएको कुरा भन्दै पनि हिँडेका छन् । दलाल, माफियाले जे गरेका छन्, जसरी आमजनतालाई लुटेका छन्, कानुन र संविधानअनुसार भन्ने हो भने ती गैरकानुनी कार्य हुन् । ती अपराधको श्रेणीमा पर्छन् ।

तर हाम्रो मुलुकमा सरकार प्रहरी प्रशासन सबै मौन छ । कारण ती स्थानमा आमजनताको भन्दा दलालको पहुँच छ । विकसित मुलुकमा यस्तो लुटखोस हुँदा अपराधीविरुद्ध कडा कारबाही हुन्छ । कसैको सम्पत्तिमा कसैले प्रवेश विनाकारण गरे गोली हानिन्छ । कारबाही गरिन्छ । सरकारले व्यक्तिको सम्पत्तिमा सुरक्षा दिएर संरक्षण गरेको हुन्छ । (लेखक कार्की पूर्वप्रधान न्यायाधीश हुन) १२खरीबाट

# राष्ट्रिय सभा उम्मेदवार छनोट प्रक्रियामा ट्रेड यूनियनको आपत्ती

नेपाली काँग्रेसले गरेको राष्ट्रिय सभा उम्मदेवार छनोट प्रक्रियालाई लिएर नेपाल ट्रेड यूनियन काँग्रेसले असन्तुष्टि जनाएको छ ।

सोमबार ट्रेड यूनियनका महासचिव अजयकुमार राईले विज्ञप्ती मार्फत राष्ट्रिय सभाको उम्मेदवारमा क्षमता भएका र अवसर नपाएकाहरुलाई नजर अन्दाज गरिएको बताएकाछन् । उनले मुलुकको संविधानले समेत हरेक वर्ग, क्षेत्र, समुदायको प्रतिनिधित्व सुनिश्चित हुने ब्यवस्था गरेपनि त्यसविपरित काँग्रेसले उम्मेदवार चयन गरेको बताए । महासचिव राईले पटकपटक अवसर पाएका ब्यक्तित्वलाई दोहराई तेहराई राष्ट्रिय सभा जस्तो बौद्धिक वर्गको उपस्थिति रहने स्थानमा अवसर दिनु न्यायसंगत नभएको बताए । उनले भने, 'हामी समावेशी उम्मेदवार चाहान्थ्यौ । यहाँ श्रम क्षेत्र, श्रमिकको आवाज बोल्ने र सहयोगी हुने ब्यक्तित्वलाई पाखा लगाइएको छ । पार्टीले फेरि एकपटक श्रमिकलाई बेवास्ता गरेको महसुस गरेकाछौ ।'

मुलुकलाई आवश्यक पर्दा हरेक लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिकामा रहेका ट्रेड युनियनलगायत पेशाकर्मी, बौद्धिक वर्गको राष्ट्रिय सभामा उपस्थिती बन्चित गराइएको बताए । प्रजातन्त्रदेखि गणतन्त्र ल्याउनसम्म अहम भूमिका खेल्ने पक्ष राष्ट्रिय सभाबाहिर राखिनु आफैमा दुःखद भएको बताएका महासचिव राईले सिंगो पार्टीले अवसर नपाएका श्रमिकलाई स्थान दिन गरेको खराब ब्यवहारप्रति ट्रेड यूनियनको गंभीर भएको बताए ।


## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

उद्धव कुमार भुजेल (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १६ को कार्यालय

## सूचना सूचना सूचना

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**